# उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विदयार्थीहरूको भाषिक क्षमता

**सावित्रा थापा**
परीक्षा क्रमाङ्क : १३०११६
त्रि.वि. दर्ता नं. ९-२-१३-३९८-२००२

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय केन्द्रीय
विभाग अन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह
द्वितीय वर्षको पाठ्यांश नेपा.शि. ५९८
को प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
सू.स.मो.या.व.क्याम्पस, सिरहा
२०७३/२०१६

## प्रतिवद्धता पत्र

यस शोधपत्र भित्रका सामग्रीहरू कही कतैवाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोधपत्र नितान्त मौलिक रहेको छ ।

मिति : २०७३/६/१६

2 Oct. 2016

..................................

सावित्रा थापा

शोधार्थी

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत उदयपुर जिल्लाका कक्षा सातका अध्ययरत विद्यार्थीहरूको भाषिक क्षमता शीर्षकको शोधपत्र शोधार्थी सवित्रा थापाले मेरा निर्देशमा तयार पार्नु भएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु । उहाँले वडो परिश्रम र लगनशीलताका साथ गर्नु भएको प्रस्तुत अध्ययन समय सापेक्ष र मौलिक भएकोले यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७३/८/२७

12 Dec. 2016

.............................

शोध निर्देशक

प्रा. रामदेव मंडल

नेपाली भाषा शिक्षाशास्त्र सङ्काय

सू.स.मो.या.व.क्याम्पस

सिरहा

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षकी सवित्रा थापाले तयार पार्नु भएको उदयपुर जिल्लाका कक्षा सातका अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमता शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि उपयुक्त ठहरिएकोले स्नातकोत्तर उपाधिका लागि स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति :

| | | | |
|---|---|---|---|
| १. | प्रा. भाग्यनारायण यादव | (विभागीय प्रमुख) | ..................... |
| २. | स.प्रा.डा. नेत्र प्रसाद न्यौपाने | (वाह्य) | ..................... |
| ३. | प्रा. रामदेव मंडल | (शोध निर्देशक) | ..................... |

मिति : २०७३/१२/१८

31 March 2017

# कृतज्ञाता ज्ञापन

उदयपुर जिल्लाका कक्षा सातका अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमता शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली शिक्षा विषयको नेपा. शि. ५९८ पत्रको प्रयोजनार्थ श्रद्धेय गुरू उप.प्रा रामदेव मण्डलज्यूको प्रत्यक्ष निर्देशनमा तयार पारेको हुँ । आफ्नो अत्यन्त व्यवस्तताका विच पनि प्रस्तुत शोधपत्रको रूपरेखा निर्माणदेखि सामग्री सङ्कलन र व्याख्या विश्लेषणका क्रमसँम आइपरेका समस्याहरूलाई समाधानार्थ आवश्यक सल्लाह सुझावका साथै आफ्नो अमूल्य समय र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरूज्यूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापनका साथै श्रद्धाथाव प्रकट गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र तयार पार्ने सु-अवसर प्रदान गर्नु हुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख भाग्यनारायण यादवज्यूप्रति ह्दयदेखि नै आभार व्यक्त गर्दछु । साथै यस शोधपत्र तयार गर्ने क्रममा सू.स.मो.या.व.क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री जिवछ यादवज्यूप्रति आभार प्रकट गर्दछु । यसै सन्दर्भमा आवश्यक सल्लाह सुझाव र प्रेरणाका प्रदान गर्नुहुने नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण श्रद्धेय गुरूज्यूहरूप्रति ह्दयदेखि नै आभार व्यक्त गर्दछु । त्यसैगरी शोधकार्यका लागि आवश्यक सामग्री उपलब्ध गराई मेरो शोधकार्यलाई अगाडि वढाउन पुस्तकालयवाट सहयोग गर्नुहुने दिदीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यसरी नै व्यवहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई उच्च शिक्षामा पाइला टेकाइ हौसला र प्रेरणाका साथ विश्व विद्यालयसम्म पुर्‍याउन सफल हुनुहुने पुजनीय वुवा आमा प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । त्यसैगरी मेरो अध्ययनको सिलसिलामा विभिन्न तवरवाट सहयोग र हौसला प्रदान गर्नुहुने जीवन साथीलाई पनि हृदयदेखि नै सम्झन चाहन्छु । अन्त्यमा यस अध्ययनलाई आवश्यक सल्लाह र सहयोग पुर्‍याउनु हुने मेरा सम्पूर्ण सहपाठी सार्थीहरू र सामग्री सङ्कलनका धक्रममा सहभागी विद्यार्थी भाइबहिनीहरूका साथै सम्वन्धित विद्यालयका आदरणीय गुरूज्यूहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

..............................

सावित्रा थापा

## शोधसार

**शोध शीर्षक :** उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमता

**शोध निर्देशक :** प्रा. रामदेव मंडल

**शोधार्थी :** सावित्रा थापा

**विभाग/क्याम्पस :** शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, सू.स.मो.या.व.क्याम्पस, सिरहा

**जम्मा अध्ययन :** पाँच

**शैक्षिक वर्ष :** २०७३/०७४

**पृष्ठ सङ्ख्या :** ५५+२३

**शोधको उद्देश्य :**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्ष नेपा.शि. ५९८ पाठ्यांश प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत अध्ययन निम्न लिखित उद्येश्यहरूमा केन्द्रित रहेको छ :

क) कक्षा सातका अध्ययनरत विद्यार्थीहरूको सङ्गतिका आधारमा वाक्य रचना क्षमता पहिचान गर्नु ।

ख) विद्यालयको प्रकृतिका आधारमा वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

घ) भाषिक पृष्ठभूमिका आधारमा वाक्य रचना क्षमताको तुलना गर्नु ।

**शोध प्रक्रिया**

यस अध्ययनमा वाक्य रचना अन्तर्गत सङ्गतिका आधारमा वाक्य रचनालाई हेरिएको छ । वाक्य रचनामा कर्ता र क्रियापद, नाम र सर्वनाम, विशेष्य र विशेषण, भेद्य र भेदकको मात्र सङ्गति हेरिएको छ । क्षेत्रिय अध्ययन विधिको उपयोग गरिएको छ जसमा जनसङ्ख्या र नमुना छनोट, साधन निर्माण, तथ्याङ्क सङ्कलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । नुमना छनोटमा उदयपुर जिल्लाका चार सामुदायिक र चार संस्थागत

विद्यालयबाट ४० जना छात्र र ४० जना छात्रा गरी जम्मा ८० जना विद्यार्थीहरूलाई नुमनाका रूपमा लिइएको छ । साधनको निर्माण गर्दा वाक्य रचना सम्वीन्ध विभिन्न किसिमका वस्तुगत प्रश्नावलीहरू तयार पारिउको थियो र स्वतन्त्र लेखनका लागि विभिन्न शीर्षकमा निवन्ध र वर्णनात्मक प्रबन्ध लेखनका प्रश्नहरू निर्माण गरिएको थियो । तथ्याङ्कन सङ्कलन गर्दा सम्बन्धित ठाउमा प्रत्यक्ष उपस्थित भई नमुना छनोटमा परेका विद्यार्थीहरूलाई प्रश्नावली भर्न लगाएंको थियो र स्वतन्त्र लेखनका प्रश्नहरूमा लिखित अभिव्यक्ति दिन लगाइएको थियो ।

तथ्याङ्को व्याख्या तथा विश्लेषण गर्दा कर्ता र क्रियापद, नाम र सर्वनामको सङ्गतिमा लिङ्ग, वचन, पुरूष र आदरको पनि सङ्गति हेरिएको छ । विशेष्य र विशेषण भेद्य र भेदकको सङ्गतिमा लिङ्ग, वचन र आदरको पनि सङ्गति हेरिएको छ । विद्यार्थीहरूले जनाएको सही प्रतिक्रिया र गलत प्रतिक्रियालाई तालिकिकरण गरीएको छ । उक्त प्रतिक्रियालाई  प्रतिशतमा समेत देखाइएको छ । विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**शोध निष्कर्ष**

कक्षा सातमा अध्ययरत विद्यार्थीहरूको वाक्य रचना क्षमतालाई निम्नानुसार वुँदागत रूपमा देखाउन सकिन्छ :

१. समग्रतामा हेर्दा विद्यार्थीहरूले कर्ता र क्रियापदको सङ्गतिमा वाक्य रचना क्षमता उच्च रहेको छ ।

२. विशेष्य र विशेषणको सङ्गतिमा वाक्य रचना क्षमता कमजोर रहेको छ ।

३. कक्षा सातमा अध्यनरत विद्यार्थीहरूले सबैभन्दा बढी त्रृटि वचन र पुरूषमा गरेका छन् ।

४. सामुदायिक विद्यालयका भन्दा संसथागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता उच्च रहेको छ ।

५. छात्राको भन्दा छात्रको वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

६. नेपाली मातृभाषीभन्दा तामाङ्मातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

७. कर्ता र क्रियापदको सङ्गतिमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले सबैभन्दा बढी लिङ्गमा सङ्गति मिलाएका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले वचनमा बढी त्रुटी गरे भने स.सथागत विद्यालयका विद्यार्थीहरूले आदरमा बढी त्रुटि गरेको पाइन्छ ।

८. नाम र सर्वनामको सङ्गतिमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले वचनमा सङ्गति मिलाएका छन् दुबै विद्यालयका विद्यार्थीहरूले पुरूषमा त्रुटि गरेका छन् ।

९. विशेष्य र विशेषणको सङ्गतिमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले वचनमा सङ्गति मिलाएका छन् । संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले लिङ्गमा बढी त्रुटि गरेको पाइन्छ ।

१०. भेद्य र भेदकको सङ्गतिमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले लिङ्गमा सङ्गति मिलाएका छन् भने दुबैले वचनमा बढी त्रुटि गरेका छन् ।

११. कर्ता र क्रियापदको सङ्गतिमा छात्रले लिङ्गमा सङ्गति मिलाएका छन् भने छात्राले पुरूषमा सङ्गति लिाएका छन् । छात्र र छात्रा दुबैले वचनमा सङ्गति बिगारेका छन् ।

१२. नाम र सर्वनामको सङ्गतिमा छात्रले लिङ्गमा सङ्गति मिलाएका छन् भने छात्राले वचनमा सङ्गति मिलाएका छन् । छात्र र छात्रा दुबैले पुरूषमा बढी त्रुटि गरेको पाइन्छ ।

१३. विशेष्य र विशेषणको सङ्गतिमा छात्र र छात्रा दुबैले वचनमा सङ्गति मिलाएका छन् । छात्राको भन्दा छात्रले आदरमा बढी त्रुटि गरेका छन् ।

१४. भेद्य र भेदकको सङ्गतिमा छात्र र छात्रा दुबैले लिङ्गमा सबैभन्दा बढी सही प्रतिक्रिया जनाएका छन् भने छात्र र छात्रा दुबैले वचनमा बढी त्रुटि गरेका छन् ।

१५. नेपाली मातृभाषी विद्यार्थीहरूले कर्ता र क्रियापदको सङ्गतिमा सबैभन्दा बढी पुरूषमा सही प्रतिक्रिया जनाएका छन् भने तामाङ्मातुभाषीले आदरमा सही प्रतिक्रिया जनाएका छन् । नेपाली मातृभाषीभन्दा तामाङ्मातृभाषी विद्यार्थीहरूले सबैभन्दा बढी लिङ्गमा त्रुटि गरेको पाइन्छ ।

१६. नाम र सर्वनामको सङ्गतिमा नेपाली मातृभाषीभन्दा तामाङ्मातृभाषी विद्यार्थीहरूले सबैभन्दा बढी वचनमा सङ्गति मिलाएका छन् भने दुबैले पुरूषमा त्रृटि गरेको पाइन्छ ।

१७. विशेष्य र विशेषणको सङ्गतिमा नेपाली मातृभाषीभन्दा तामाङ्मातृभाषी विद्यार्थीहरूले सबैभन्दा बढी लिङ्गमा सङ्गति मिलाएका छन् । नेपाली मातृभाषीले वचनमा त्रुटि गरेका छन् भने तामाङ्मातृभाषीले आदरमा त्रुटि गरेका छन् ।

१८. समग्रमा उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सङ्गतिका आधारमा वाक्य रचना क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

# तालिका सूची


| तालिका नं. | विवरण | पेज नं. |
|---|---|---|
| तालिका नं. १ | कर्ता र क्रियापदको सङ्गति | |
| तालिका नं. २ | नाम  र सर्वनामको सङ्गति | |
| तालिका नं. ३ | विशेष्य र विशेषणको सङ्गति | |
| तालिका नं. ४ | भेद्य र भेदकको सङ्गति | |
| तालिका नं. ५ | कर्ता र क्रियापदको सङ्गति | |
| तालिका नं. ६ | नाम  र सर्वनामको सङ्गति | |
| तालिका नं. ७ | विशेष्य र विशेषणको सङ्गति | |
| तालिका नं. ८ | भेद्य र भेदकको सङ्गति | |
| तालिका नं. ९ | कर्ता र क्रियापदको सङ्गति | |
| तालिका नं. १० | नाम  र सर्वनामको सङ्गति | |
| तालिका नं. ११ | विशेष्य र विशेषणको सङ्गति | |
| तालिका नं. १२ | भेद्य र भेदकको सङ्गति | |
| तालिका नं. १३ | कर्ता र क्रियापदको सङ्गति | |
| तालिका नं. १४ | नाम  र सर्वनामको सङ्गति | |
| तालिका नं. १५ | विशेष्य र विशेषणको सङ्गति | |
| तालिका नं. १६ | भेद्य र भेदकको सङ्गति | |